भद्रपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भद्रपुर, झापा

## आशयपत्र माग गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति :२०७६।२।३२ गते

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत झापा जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्ने तथा भद्रपुर नगरपालिका, मेचीनगर नगरपालिका, दमक नगरपालिका र गौरीगञ्ज गाउँपालिकामा समुदाय सचेतीकरण, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमहरुको लागि सञ्चालन हुन गईरहेको सुर्रक्षित आप्रवासन कार्यक्रम (Safer Migration Program) का लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन ईच्छुक नेपालको प्रचलित नियमानुसार यस जिल्लामा दर्ता भएका देहायका योग्यता पुगेका संघ, संस्था एवं कम्पनिहरुबाट आशयपत्र आहवान गरिएको छ । योग्यता पुगेका इच्छुक संस्थाहरुले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन भित्र (अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलि पल्ट) कार्यालय समयमा भद्रपुर नगर कार्यपालिकाको कार्यालय, झापामा आइपुग्ने गरी निर्धारित ढाँचामा आशयपत्र पेश गर्न सकिनेछ । आशयपत्रको ढाँचा, सूचीकरणको आधार एव अन्य थप आवश्यक कुराहरु भद्रपुर नगरपालिकाको वेभसाईटमा (www.bhadrapurmun.gov.np)(www.mechinagarmun.gov.np)(www.damakmun.gov.np) (www.gaurigungmun.gov.np) मा राखिएको छ ।

(१) आशय–पत्रदाताको योग्यता :

(क) कम्तिमा पाँच बर्ष अगाडी दर्ता भई कार्यक्रम सञ्चालन गरेको ।

(ख) प्रस्तावित कार्यसंग मिल्ने कार्यको अनुभव भएकोलाई प्राथमिकता दिइनेछ ।

(२) प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने समय : कम्तिमा मिति २०७६।०४।०१ देखि २०७७ आषाढ मसान्तसम्म परामर्श सेवा प्रदान गर्नुपर्नेछ ।

(३) संक्षिप्त सूचीमा परेका फर्म, संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिद सम्बन्धी प्रस्ताव माग गरिनेछ ।

(४) आशय–पत्रदाताले आशय–पत्रसाथ आशय–पत्रको नमुनामा उल्लेख भए बमोजिमका कागजातहरु Hard Copy मा पेश गर्नु पर्नेछ । Email बाट पठाइएको आशयपत्रलाई मान्यता दिइने छैन ।

(५) आशय–पत्र पेश गर्ने स्थान : भद्रपुर नगरपालिकाको कार्यालय, झापा ।

(६) आशय–पत्र तयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ उक्त निर्देशन पालना नभएको आशयपत्र उपर कारवाहि गरिने छैन ।

(७) सुर्रक्षित आप्रवासन सम्बन्धि सम्पुर्ण परामर्श सेवा एउटै सेवा प्रदायक संस्थाबाट चार वटै स्थानीय तहमा निर्धारित कार्यशर्त बमोजिमका क्रियाकलापहरु संचालन गर्नु पर्नेछ ।

(८) यो सेवा प्रदान गर्नको लागि कुनै पनि व्यक्ति वा संस्थासंग उप सम्झौता (sub contract) गर्न पाईने छैन । तर रेडियो मार्फत प्रसारण हुने रेडियो जिङ्गल प्रसारण तथा आप्रवासी कामदार हकहित सञ्जालसंग उप सम्झौता गर्न यो बुदाँले बाधा पुर्याएको मानिने छैन ।

(९) आवश्यक थप जानकारीका लागि सम्पर्क गर्ने ठेगाना : भद्रपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, झापा

(प्रमुख प्रशासकिय अधिकृत)

२०७६।२।३२

प्रमुख प्रशासकीय अधिकृत